# लोक सेवा आयोगका सूचनाहरु

## केन्द्रीय कार्यालय, अनामनगर

### सूचना तथा प्रकाशन शाखा

**रा.प.अनंकित प्रथम श्रेणी (अप्राविधिक) खुला र समावेशी पदको प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन**

**सूचना नं. ५०४/०७०-०७१**

निम्न सेवा, समूहका रा.प.अनं. प्रथम श्रेणी (अप्राविधिक) ना.सु. वा सो सरह पदको देहाय बमोजिम को पद संख्याको लागि खुला र समावेशी प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पूर्ति गर्न निम्न बमोजिमका योग्यता पुगेका उम्मेदवारहरुबाट आयोगद्वारा स्वीकृत फाराम भरी दरखास्त आह्वान गरिन्छ ।

**पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा**

| क्र.सं. | वि.नं. | किसिम/ समावेसी समूह | माग पद विवरण | | | | परीक्षा कार्यक्रम | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | मागपद संख्या | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र |
| १. | २/ ०७०-७१ | खुला | क. | न्याय | न्याय | ७ (सात) | २०७१/१/२६ गते दिनको ४ बजे | २०७१/१/२७ गते बिहानको ११ बजे | २०७१/१/२७ गते दिनको २.३० बजे |
| | | | ख. | न्याय | कानून | १ (एक) | | | |
| | | | ग. | न्याय | सरकारी वकिल | २ (दुई) | | | |
| | | | घ. | प्रशासन | सा.प्र. | ११ (एघार) | | | |
| | | | ङ. | प्रशासन | राजस्व | १ (एक) | | | |
| | | | च. | प्रशासन | लेखा | ३ (तीन) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **२५ (पच्चिस)** | | | |
| २. | ३/ ०७०-७१ | महिला | क. | न्याय | न्याय | २ (दुई) | | | |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) | | | |
| | | | ग. | प्रशासन | सा.प्र. | ३ (तीन) | | | |
| | | | घ. | प्रशासन | लेखा | २ (दुई) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **८ (आठ)** | | | |
| ३. | ४/ ०७०-७१ | आदिवासी / जनजाति | क. | न्याय | न्याय | २ (दुई) | | | |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) | | | |
| | | | ग. | प्रशासन | सा.प्र. | ३ (तीन) | | | |
| | | | घ. | प्रशासन | लेखा | १ (एक) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **७ (सात)** | | | |
| ४. | ५/ ०७०-७१ | मधेसी | क. | न्याय | न्याय | २ (दुई) | | | |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) | | | |
| | | | ग. | प्रशासन | सा.प्र. | २ (दुई) | | | |
| | | | घ. | प्रशासन | लेखा | १ (एक) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **६ (छ)** | | | |
| ५. | ६/ ०७०-७१ | दलित | क. | प्रशासन | सा.प्र. | २ (दुई) | | | |
| | | | ख. | प्रशासन | लेखा | १ (एक) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **३ (तीन)** | | | |
| ६. | ७/ ०७०-७१ | अपाङ्ग | क. | न्याय | न्याय | १ (एक) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **१ (एक)** | | | |

मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, कमलपोखरी, काठमाडौं

| क्र.सं. | वि.नं. | किसिम/समावेसी समूह | माग पद विवरण | | | | परीक्षा कार्यक्रम | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | मागपद संख्या | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | थप पत्र/विषय परराष्ट्र सेवाको लागि मात्र |
| १. | **५०२/०७०-७१** | खुला | क. | न्याय | न्याय | १७ (सत्र) | २०७१/१/२६ गते दिनको ४ बजे | २०७१/१/२७ गते बिहानको ११ बजे | २०७१/१/२७ गते दिनको २.३० बजे | २०७१/१/२८ गते बिहानको ८ बजे |
| | | | ख. | न्याय | कानून | २ (दुई) | | | | |
| | | | ग. | न्याय | सरकारी वकिल | ४ (चार) | | | | |
| | | | घ. | परराष्ट्र | - | २ (दुई) | | | | |
| | | | ङ. | प्रशासन | सा.प्र. | १५ (पन्ध्र) | | | | |
| | | | च. | प्रशासन | राजस्व | १० (दश) | | | | |
| | | | छ. | प्रशासन | लेखा | ४ (चार) | | | | |
| | | | ज. | लेखापरीक्षण | - | ६ (छ) | | | | |
| | | | झ. | व्यवस्थापिका-संसद | सा.प्र. | १ (एक) | | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **६१ (एकसठ्ठी)** | | | | |
| २. | **५०३/०७०-७१** | महिला | क. | न्याय | न्याय | ४ (चार) | | | | |
| | | | ख. | न्याय | सरकारी वकिल | २ (दुई) | | | | |
| | | | ग. | परराष्ट्र | - | १ (एक) | | | | |
| | | | घ. | प्रशासन | सा.प्र. | ४ (चार) | | | | |
| | | | ङ. | प्रशासन | राजस्व | २ (दुई) | | | | |
| | | | च. | प्रशासन | लेखा | १ (एक) | | | | |
| | | | छ. | लेखापरीक्षण | - | १ (एक) | | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **१५ (पन्ध्र)** | | | | |
| ३. | **५०४/०७०-७१** | आदिवासी/जनजाति | क. | न्याय | न्याय | ४ (चार) | | | | |
| | | | ख. | प्रशासन | सा.प्र. | ४ (चार) | | | | |
| | | | ग. | प्रशासन | राजस्व | १ (एक) | | | | |
| | | | घ. | लेखापरीक्षण | - | २ (दुई) | | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **११ (एघार)** | | | | |
| ४. | **५०५/०७०-७१** | मधेसी | क. | न्याय | न्याय | ३ (तीन) | | | | |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) | | | | |
| | | | ग. | परराष्ट्र | - | १ (एक) | | | | |
| | | | घ. | प्रशासन | सा.प्र. | २ (दुई) | | | | |
| | | | ङ. | प्रशासन | राजस्व | २ (दुई) | | | | |
| | | | च. | लेखापरीक्षण | - | १ (एक) | | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **१० (दश)** | | | | |
| ५. | **५०६/०७०-७१** | दलित | क. | न्याय | न्याय | १ (एक) | | | | |
| | | | ख. | प्रशासन | सा.प्र. | २ (दुई) | | | | |
| | | | ग. | प्रशासन | राजस्व | १ (एक) | | | | |
| | | | घ. | प्रशासन | लेखा | १ (एक) | | | | |
| | | | ङ. | लेखापरीक्षण | - | १ (एक) | | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **६ (छ)** | | | | |
| ६. | **५०७/०७०-७१** | अपाङ्ग | क. | न्याय | न्याय | १ (एक) | | | | |
| | | | ख. | प्रशासन | सा.प्र. | १ (एक) | | | | |
| | | | ग. | प्रशासन | राजस्व | १ (एक) | | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **३ (तिन)** | | | | |
| ७. | **५०८/०७०-७१** | पिछडिएको क्षेत्र | क. | न्याय | न्याय | १ (एक) | | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **१ (एक)** | | | | |

पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा

| क्र.सं. | वि.नं. | किसिम/ समावेसी समूह | माग पद विवरण | | | | परीक्षा कार्यक्रम | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | मागपद संख्या | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र |
| १. | १००२/ ०७०-७१ | खुला | क. | न्याय | न्याय | ५ (पाँच) | २०७१/१/२६ गते दिनको ४ बजे | २०७१/१/२७ गते बिहानको ११ बजे | २०७१/१/२७ गते दिनको २.३० बजे |
| | | | ख. | न्याय | कानून | १ (एक) | | | |
| | | | ग. | न्याय | सरकारी वकिल | ३ (तीन) | | | |
| | | | घ. | प्रशासन | सा.प्र. | ५ (पाँच) | | | |
| | | | ङ. | प्रशासन | लेखा | १ (एक) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **१५ (पन्ध्र)** | | | |
| २. | १००३/ ०७०-७१ | महिला | क. | न्याय | कानून | १ (एक) | | | |
| | | | ख. | प्रशासन | सा.प्र. | २ (दुई) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **३ (तीन)** | | | |
| ३. | १००४/ ०७०-७१ | आदिवासी / जनजाति | क. | न्याय | न्याय | १ (एक) | | | |
| | | | ख. | प्रशासन | सा.प्र. | १ (एक) | | | |
| | | | ग. | प्रशासन | लेखा | १ (एक) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **३ (तीन)** | | | |
| ४. | १००५/ ०७०-७१ | मधेसी | क. | न्याय | न्याय | १ (एक) | | | |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) | | | |
| | | | ग. | प्रशासन | सा.प्र. | १ (एक) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **३ (तीन)** | | | |
| ५. | १००६/ ०७०-७१ | दलित | क. | न्याय | न्याय | १ (एक) | | | |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **२ (दुई)** | | | |
| ६. | १००७/ ०७०-७१ | अपाङ्ग | क. | प्रशासन | लेखा | १ (एक) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **१ (एक)** | | | |
| ७. | १००८/ ०७०-७१ | पिछडिएको क्षेत्र | क. | प्रशासन | सा.प्र. | १ (एक) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **१ (एक)** | | | |

**मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत**

| क्र.सं. | वि.नं. | किसिम/ समावेसी समूह | माग पद विवरण | | | | परीक्षा कार्यक्रम | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | मागपद संख्या | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र |
| १. | **१५०२/ ०७०-७१** | खुला | क. | न्याय | न्याय | ३ (तिन) | २०७१/१/२६ गते दिनको ४ बजे | २०७१/१/२७ गते विहानको ११ बजे | २०७१/१/२७ गते दिनको २.३० बजे |
| | | | ख. | न्याय | कानून | १ (एक) | | | |
| | | | ग. | न्याय | सरकारी वकिल | ४ (चार) | | | |
| | | | घ. | प्रशासन | सा.प्र. | ६(छ) | | | |
| | | | ङ. | प्रशासन | लेखा | २ (दुई) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **१६ (सोह्र)** | | | |
| २. | **१५०३/ ०७०-७१** | महिला | क. | न्याय | कानून | १ (एक) | | | |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) | | | |
| | | | घ. | प्रशासन | सा.प्र. | २ (दुई) | | | |
| | | | ङ. | प्रशासन | राजस्व | १ (एक) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **५ (पाँच)** | | | |
| ३. | **१५०४/ ०७०-७१** | आदिवासी / जनजाति | क. | न्याय | न्याय | १ (एक) | | | |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) | | | |
| | | | ग. | प्रशासन | सा.प्र. | १ (एक) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **३ (तीन)** | | | |
| ४. | **१५०५/ ०७०-७१** | मधेसी | क. | न्याय | न्याय | १ (एक) | | | |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) | | | |
| | | | ग. | प्रशासन | सा.प्र. | २ (दुई) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **४ (चार)** | | | |
| ५. | **१५०६/ ०७०-७१** | दलित | क. | न्याय | सरकारी वकिल | १ (एक) | | | |
| | | | ख. | प्रशासन | सा.प्र. | १ (एक) | | | |
| | | | ग. | प्रशासन | लेखा | १ (एक) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **३ (तीन)** | | | |
| ६. | **१५०७/ ०७०-७१** | अपाङ्ग | क. | प्रशासन | सा.प्र. | १ (एक) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **१ (एक)** | | | |
| ७. | **१५०८/ ०७०-७१** | पिछडिएको क्षेत्र | क. | न्याय | न्याय | १ (एक) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **१ (एक)** | | | |

सुदूर-पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल

| क्र.सं. | वि.नं. | किसिम/ समावेसी समूह | माग पद विवरण | | | | परीक्षा कार्यक्रम | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | मागपद संख्या | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र |
| १. | २००२/ ०७०-७१ | खुला | क. | न्याय | न्याय | १ (एक) | २०७१/१/२६ गते दिनको ४ बजे | २०७१/१/२७ गते बिहानको ११ बजे | २०७१/१/२७ गते दिनको २.३० बजे |
| | | | ख. | न्याय | सरकारी वकिल | २ (दुई) | | | |
| | | | ग. | प्रशासन | सा.प्र. | ५ (पाँच) | | | |
| | | | घ. | प्रशासन | लेखा | २ (दुई) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **१० (दश)** | | | |
| २. | २००३/ ०७०-७१ | महिला | क. | प्रशासन | सा.प्र. | १ (एक) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **१ (एक)** | | | |
| ३. | २००४/ ०७०-७१ | आदिवासी / जनजाति | क. | न्याय | न्याय | १ (एक) | | | |
| | | | ख. | प्रशासन | सा.प्र. | २ (दुई) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **३ (तीन)** | | | |
| ४. | २००५/ ०७०-७१ | मधेसी | क. | न्याय | सरकारी वकिल | १ (एक) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **१ (एक)** | | | |
| ५. | २००६/ ०७०-७१ | दलित | क. | प्रशासन | सा.प्र. | १ (एक) | | | |
| | | | ख. | प्रशासन | लेखा | १ (एक) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **२ (दुई)** | | | |
| ६. | २००७/ ०७०-७१ | अपाङ्ग | क. | प्रशासन | राजस्व | १ (एक) | | | |
| | | | **जम्मा माग पदसंख्या** | | | **१ (एक)** | | | |

**परीक्षाको किसिमः-** लिखित, कम्प्युटर सीप परीक्षण (प्रयोगात्मक) र अन्तर्वार्ता ।
**परीक्षाकेन्द्रः-** विज्ञापनसंग सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरु ।
**परीक्षा दस्तुरः-** रु. ४००।- (चारसय) र थप समावेशी समूहको लागि थप रु. २००।- (दुईसय) ।
परराष्ट्र सेवाको थप पत्रको लागि रु.२००।- (दुईसय) थप गर्नुपर्ने ।

**दरखास्त दिने स्थानः-**

१. आयोगको क्षेत्रीय निर्देशनालय तथा क्षेत्रीय निर्देशनालयको सम्बन्धित अञ्चल कार्यालय र लोक सेवा आयोगको कार्यालय नभएका जिल्लाको हकमा सम्बन्धित जिल्ला हुलाक कार्यालयमा पनि दरखास्त बुझाउन सकिनेछ । मध्यमाञ्चल क्षेत्रीय निर्देशनालयबाट प्रकाशित विज्ञापनको लागि काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र, अनामनगरमा दरखास्त बुझाउनु पर्नेछ । साथै यस निर्देशनालयको विज्ञापनको दरखास्त गोश्वारा हुलाक कार्यालय, सुन्धारामा पनि बुझाउन सकिने छ ।
२. जुन कार्यालयको विज्ञापनका लागि दरखास्त फाराम भरिएको छ, सोही कार्यालय अन्तर्गतका परीक्षा केन्द्रबाट परीक्षा दिनुपर्ने छ । मुनासिव माफिकको कुनै कारण परी दरखास्त बुझिलिने कार्यालयले अनुमति दिएमा बाहेक केन्द्र परिवर्तन गर्न सकिने छैन ।
३. परीक्षा भवनमा प्रवेशपत्र वितरण नगरिने निर्णय भएको हुंदा अनिवार्य रुपमा परीक्षा सञ्चालन हुने दिन अगावै दरखास्त फाराम बुझाएको कार्यालयबाटै प्रवेशपत्र लिनु हुन सूचित गरिन्छ ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७०।९।२४ गते देखि २०७०।१०।१४ गतेसम्म र दोब्बर दस्तुर तिरी २०७०।१०।२१ गतेसम्म ।
**अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुंदा सूचना गरिनेछ ।
**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह, उपसमूह सम्बन्धी ।
**तलबः-** प्रचलित स्केल बमोजिम ।
**सेवा सम्बन्धी मन्त्रालयः-** सेवा, समूह, सञ्चालन गर्न तोकिएका सम्बन्धित मन्त्रालयहरु ।

## खुला तथा समावेशी परीक्षाको लागि विशेष सूचना

१) सबै सेवा समूहको लागि संयुक्त र एकिकृत परीक्षा प्रणाली (Integrated & Unified examination system) को आधारमा परीक्षा संचालन गरिनेछ ।
२) खुला र समावेशीतर्फ दरखास्त दिने उम्मेदवारहरुले आयोगले एकीकृत परीक्षा प्रणालीको लागि निर्धारण गरेको दरखास्त फाराम भर्नु पर्नेछ ।
३) छुट्टाछुट्टै शैक्षिक योग्यता भएका सेवा, समूहका पदहरुमा उम्मेदवार हुन चाहने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता मिल्ने सेवा, समूह अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । उम्मेदवारले आफू उम्मेदवार हुन चाहेको सेवा, समूहहरुको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता प्रमाणित हुने सबै प्रमाणपत्रहरुको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
४) उम्मेदवारले आफूले रोजेको ऐच्छिक प्राज्ञिक विषय र न्यूनतम शैक्षिक योग्यताको मूल विषय अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।
५) खुला र समावेशीतर्फको लिखित परीक्षा एकै सिटिङ्ग र एकै मिति र समयमा हुनेछ । हरेक सेवा/समूह र खुला तथा समावेशी समूहको लागि छुट्टाछुट्टै परीक्षा दिनु पर्ने छैन ।
६) खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता का लागि छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा नतिजा प्रकाशन गरिनेछ ।
७) लिखित परीक्षाबाट कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारले कम्प्युटर सीप परीक्षण/अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि सेवा/समूह र कार्यालयहरुको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नुपर्नेछ । सेवा, समूहको प्राथमिकताक्रम नभर्ने उम्मेदवारले अन्तर्वार्तामा बस्न पाउने छैन ।
८) समावेशी समूहतर्फ लिखित परीक्षाबाट कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैन । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित नीति अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।
९) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारले एक पटक मात्र कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम तय हुनेछ ।
१०) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको सेवा समूह र कार्यालयहरुको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ ।

## आवश्यक न्यूनतम योग्यता

१) न्याय सेवा, न्याय, कानून र सरकारी वकिल समूहको लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
२) परराष्ट्र सेवाको लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट अंग्रेजी विषय सहित प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
३) प्रशासन सेवा सामान्य प्रशासन समूहको लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
४) प्रशासन सेवा, लेखा समूहको लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्यशास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
५) प्रशासन सेवा, राजस्व समूहको लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बाणिज्यशास्त्र वा कानूनमा प्रवीणता प्रमाणपत्र तह वा अर्थशास्त्र, जनप्रशासन, गणित वा तथ्याङ्कशास्त्रमध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
६) लेखापरीक्षण सेवाको लागिः- मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यापार प्रशासन वा वाणिज्यशास्त्र विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

## द्रष्टव्य

(क) दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरु {(अ) लब्धांकपत्र (आ) चारित्रिक प्रमाणपत्र} र नेपाली नागरिकताको प्रमाणपत्र समेतको प्रतिलिपि एवं दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नु पर्नेछ । प्रमाणपत्रका प्रतिलिपिमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नु पर्ने छ ।
(ख) दरखास्त दिने अन्तिम मितिसम्ममा सेवा, समूह सम्बन्धी ऐन, नियम अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनु पर्नेछ । बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।
(ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

(घ) निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

(ङ) आयोगद्वारा तोकिएको म्याद भित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(च) यस पदको लागि एकीकृत परीक्षा प्रणाली अन्तर्गतको छुट्टै दरखास्त फाराम रहेको छ । दरखास्त फारामको नमूना आयोगको **Website-*www.psc.gov.np*** बाट एकीकृत परीक्षाको लागि तोकिएको दरखास्त फाराम **Download** गरी आवश्यक विवरण भरी तोकिएको कागजात सहित साधारण फाइलमा **विज्ञापन नं., सेवा, समूह, उपसमूह र उम्मेदवारको नाम, थर** लेखी फाइलमा नत्थी गरी काठमाडौंको हकमा काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र, अनामनगर र काठमाडौं बाहिरको हकमा आयोगका क्षेत्रीय निर्देशनालयहरु तथा अञ्चल कार्यालयहरुमा बुझाउन सकिने छ वा **A4** साईजको पेपरमा दिइएको साइजमा फरक नपारी फोटोकपि गरी, कम्प्युटर टाइप गरी बुझाउन सकिने छ । तर हातले उतार गरी लेखेको दरखास्त फारामलाई मान्यता दिइने छैन ।

(छ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरुले अन्तर्वार्ता दिनु भन्दा अगावै शैक्षिक योग्यताको स्थायी/अस्थायी प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ज) खुला र समावेशी समूहभित्र फाराम भर्ने उम्मेदवारहरुले विज्ञापन अनुसारको खुला र प्रत्येक समावेशी समूहका उम्मेदवारहरुका लागि दरखास्त फारामको पहिलो पाना छुट्टा छुट्टै भर्नु पर्नेछ, तर रोल नम्बर र प्रवेशपत्र भने एउटा मात्र प्रदान गरिने छ ।

(झ) पाठ्यक्रम आयोगको **Website** बाट प्राप्त गर्न सकिने छ ।

(ञ) विज्ञापन भएको १४ दिन सम्ममा थप माग प्राप्त भएमा सो समेत समावेश गरिने छ ।

(ट) समान पदमा दरखास्त दिन पाइने छैन ।

(ठ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।

## समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नु पर्ने थप कागजातहरुः-

समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरुले निजामती सेवा नियमावली, २०५० (संसोधन सहित) को नियम १४ मा व्यवस्था भए अनुसारको निम्न बमोजिमका कागजातहरु समेत पेश गर्नु पर्नेछ ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ग) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको आधारमा,

(घ) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ङ) पिछडिएको क्षेत्रका हकमा ऐनको दफा ७ को उपदफा (७) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको आधारमा ।

## ना.सु. (अप्राविधिक) पदको दरखास्त दर्ता गर्ने कार्यालयहरुलाई विशेष सूचना

एकिकृत परीक्षा प्रणाली अन्तर्गत ना.सु. वा सो सरह (अप्राविधिक) दरखास्त स्वीकृति एवं दर्ता गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

१) उम्मेदवारले दरखास्त फाराम भर्दा एकीकृत परीक्षा प्रणालीको लागि निर्धारण गरिएको दरखास्त प्रयोग भए/नभएको हेर्नुपर्नेछ ।

२) उम्मेदवारले दरखास्त फाराम भर्दा दरखास्तमा निर्दिष्ट गरिएको देहायको विवरणहरु भरे/नभरेको हेर्नुपर्नेछ ।

क. न्यूनतम शैक्षिक योग्यता छुट्टाछुट्टै तोकिएको सेवा/समूहको विज्ञापनमा उम्मेदवारले प्राप्त गरेको न्यूनतम शैक्षिक योग्यताको मूल विषय उल्लेख गरे नगरेको ।

ख. न्यूनतम शैक्षिक योग्यता छुट्टाछुट्टै तोकिएको सेवा/समूहको विज्ञापनमा शैक्षिक योग्यताको आधारमा सम्भाव्य उम्मेदवार हुन सक्ने सेवा/समूहको महलमा संकेत चिन्ह लगाए/नलगाएको ।

ग. परीक्षा दिन चाहेको ऐच्छिक प्राज्ञिक विषय उल्लेख गरे/नगरेको ।

घ. परराष्ट्र सेवामा उम्मेदवार हुन चाहने उम्मेदवारले थप पत्र/विषय उल्लेख गरे/नगरेको ।

३) दरखास्त फाराम स्वीकृत गर्नु अगाडि उम्मेदवारले भरेको विवरण र पेश गरेको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरु हेरी दरखास्तमा आयोगको कर्मचारीले भर्ने खण्डमा उम्मेदवारको सम्भाव्य सेवा/समूह जनाई दरखास्त स्वीकृत गर्नुपर्नेछ ।

४) स्वीकृत भएका दरखास्तको नामावली आयोगको कार्य सञ्चालन निर्देशिका, २०६७ को अनुसूची-८क. बमोजिमको नयाँ ढाँचामा तयार गर्नुपर्नेछ । यस ढाँचामा रहेको शैक्षिक योग्यताको मूल विषय उल्लेख गर्ने महलमा एकभन्दा बढी मूल विषयहरु रहेको भए सो समेत उल्लेख गर्नुपर्नेछ ।

५) दरखास्त दर्ता गर्ने कार्यालयहरुले स्वीकृत गरेका दरखास्त फारामहरु विज्ञापनसँग सम्बन्धित कार्यालयमा र नयाँ ढाँचामा तयार भएको स्वीकृत नामावली र प्रवेशपत्र उम्मेदवारले परीक्षा केन्द्र उल्लेख गरेको सम्बन्धित कार्यालयहरुमा दरखास्त दर्ताको म्याद सकिएको १५ (पन्ध्र) दिनभित्र पठाइसक्नु पर्नेछ । काठमाडौं उपत्यका भित्रका हुलाक कार्यालयहरुले स्वीकृत गरेका दरखास्तहरु र नयाँ ढाँचाको स्वीकृत नामावली काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र, अनामनगरमा पठाउनु पर्नेछ ।

६) यस निर्देशनमा उल्लेख नभएका विषयहरुका हकमा प्रचलित ऐन, नियम, निर्देशिका तथा आयोगबाट समय समयमा भएका अभ्यास (Practice) अनुसार हुनेछ ।